# स्थानीय तहको कृषि विकास शाखाबाट संचालन हुने कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/१०/०८

**प्रस्तावना**

खसड छेडेदह गाउँपालिकाको गाउँसभाले कृषि विकास शिर्षक अन्तरगत राखेको वजेटलाई कृषि विकास शाखा मार्फत सञ्चालान हुने कार्यक्रमलाई सुव्यवस्थित, सहज र वैज्ञानिक रुपमा सञ्चालान गर्नका लागि स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम खसड छडेदह गाउँपालिका गाउँकार्यपालिकाको बैठकले स्थानिय तहको कृषि विकास शाखाबाट सञ्चालन हुने कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ स्वीकृत गरि जारि गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

**१.संक्षिप्त नाम र परिचय**

यस कार्यविधिको नाम स्थानिय तहको कृषि विकास शाखावाट सञ्चालन हुने कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ हुने छ । कार्यविधि स्वीकृत भएको मितिबाट लागु हुनेछ।

**२. परिभाषा**

क "गाउँपालिका" भन्नाले खसड छेडेदह गाउँपालिका सम्झनु पर्दछ ।

ख) "वडा" भन्नाले खसड छेडेदह गाउँपालिकाको ७ वटै वडा सम्झनु पर्दछ ।

ग) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले गाउँपालिकाको प्रशासकिय प्रमुखको रुपमा काम गर्ने जिम्मेवारी तोकिएको प्रशासकिय अधिकृतलाई सम्झनु पर्दछ ।

घ) "अध्यक्ष" भन्नाले खसड छेडेदह गाउँपालिका अध्यक्ष सम्झनु पर्दछ ।

ङ) "उपाध्यक्ष" भन्नले  खसड छेडेदह गाउँपालिका उपाध्यक्ष सम्झनु पर्दछ ।

च) "समिति" बन्नाले प्रस्ताव मुल्याङकन समिति सम्झनु पर्दछ ।

छ) "प्रथम पक्ष" भन्नाले खसड छेडेदह गाउँकार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

ज) "दोस्रो पक्ष" भन्नाले कृषक समुह / कृषि फार्म / कृषि सहकारि / कृषि कम्पनि इच्छुक कृषक आदि लाई सम्झनु पर्दछ ।

झ) "सुचना" भन्नाले गाउँपालिकाको कार्यालयबाट प्रकासित सुचना सम्झनु पर्दछ ।

ञ) "शाखा" भन्नाले गाउँपालिकाको कार्यालयको कृषि विकास शाखा सम्झनु पर्दछ ।

ट) "कृषक" भन्नाले कृषि वा कृषि क्षेत्रमा संलग्न व्यक्ति उद्यमि, व्यावसायिक र कृषि कार्यक्रम सञ्चालन गर्ने व्यक्ति वा संस्था सदस्य सम्झनु पर्दछ ।

ठ) "गाउँ सभा" भन्नाले संविधानको धारा २२२ को उपधारा १ बमोजिमको गाउँसभा सम्झनु पर्दछ ।

ड) "प्राविधिक" भन्नाले कार्यालयमा कार्यरत वा कृषि विकास शाखा बाट खटाइएको सम्बन्धित प्राविधिक सम्झनु पर्दछ ।

ढ) "अनुदान" भन्नाले सम्बन्धित कृषि विकास कार्यक्रम संचालनको लागि दिइने अनुदान सम्झनु पर्दछ ।

**३) कृषि शाखा बाट संचालन हुने कार्याक्रमहरुको उद्देश्य ;**

क) गाउँपालिका भित्रको समग्र कृषि बालि वस्तुहरुको क्षेत्रफल विस्तार तथा उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।

ख) बेरोजगार युवाहरुलाई कृषि व्यावसायमा आकर्षक गरि कृषिको व्यावसायिकरण सहयोग पुयाउने ।

ग) ग्रामिण क्षेत्रमा रोजगार सिर्जना गरि आयस्तरमा सुधार र दिगो कृषि बिकासलाई विस्तार गर्ने ।

घ) स्थानिय स्तरमा सम्भाव्य बालिहरुको व्यावसायिक उत्पादन, विविधिकरण र बजारिकरणमा सहयोग पुर्याउने।

ङ) एक गाउँ एक उत्पादन / एक वडा एक उत्पादन कार्यक्रमको निम्ति कृषक, समुदायलाई पकेट क्षेत्रको आधारमा व्यावसायिकरण गराउने ।

च) कृषको बालीनालीमा लाग्ने रोग/किरा तथा शत्रुजीव व्यवस्थापन गर्ने ।

## परिच्छेद २

## समिति सम्बन्धि व्यावस्था

**४) कृषि सम्वन्धि कार्यक्रम संचालन गर्न तथा कार्यक्रमहरु लाई प्रभाकारि रुपले सफल वनाउनका लागि सुरुमा प्रस्तावहरु छनौट गर्ने र आवश्यक निर्णय लिनका लागि प्रस्ताव मुल्यङकन समिति देहाय वमोजिम हुनेछ ।**

| | |
|---|---|
| क) गा.पा उपाध्यक्ष | संयोजक |
| ख) प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| ग) आथिक विकास सिमिति संयोजक | सदस्य |
| ध) पशु सेवा शाखा प्रमुख | सदस्य |
| घ) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| ङ) शाखा प्रमुखले तोकेको कृषि शाखाको कर्मचारि १- जना | सदस्य |
| छ) कृषि विकास शाखा प्रमुख | सदस्य सचिव |

**४.१) मुल्याङकन समितिले निर्णय गर्दा लिईने आधारहारु ;**

क) वडा कार्य समिति वैठकको निर्णय ।

ख) कृषि विकास शाखाको कर्मचारिहरुले गरेको स्थलगत निरिक्षण प्रतिवेदन (आवश्यक देखिएमा) ।

ग) लाभान्वित वा फर्मको कार्य संचालन ढाँचा एवम् प्रस्तावना सहितको निवेदन ।

ङ) गत आर्थिक बर्षमा सोहि विषयमा सरकारि अनुदान प्राप्त नगरेको स्व-घोषणापत्र ( राम्रो काम गरेको भए वा आवश्यकता देखिएमा समितिको निर्णय अनुसार पुनः अनुदान दिईने छ) ।

## परिच्छेद ३
## कार्याक्रम संचालन प्रकृया

**५) कृषक पाठशाला संचालन कार्यक्रमः**

५.१ कृषक पाठशाला संचालन गर्नु अघि आ.ई.पि.एम. कृषक सहजकर्ता सम्पर्कमा आई जनप्रतिनिधि, शाखा प्रमुख, कृषि प्राविधिक समेत स्थलमा गई गाउँपालिकाले निर्धारण गरेको क्षेत्रमा गठन भईसकेका वा नयाँ गठन गरि वा गठन भएका कृषक समुह छनोट गरि अन्तरक्रिया गोष्ठि संचालन गर्ने ।

५.२ कृषक पाठशाला संचालन गर्न पुर्व तिन वटा तयारी चरनको बैटक संचालन गर्नु पर्नेछ ।

५.३ तयारी बैठकबाट कषकको रुचि आवश्यकता जातजाति र लै.गिकताका आधारमा २५जना वा बढीमा ३० जना सहभागि छनौट गर्नुपर्नेछ।

५.४ तरकारि खेति तथा अन्नबालीमा पाठशाला संचालन गर्दा कम्तिमा ५०० वर्ग.मि जग्गाको छनौट गर्ने वा ५ वटा प्लाष्टिक टनेल भित्र पाठशाला संचालन गर्ने स्थानको निधारण गर्ने ।

५.५ बाली अवधिभर कृषक समुहको निर्धारण गरेको हप्ताको १ दिन ५ घण्टाका दरले १६ हप्ता सम्म अध्ययान र तालिम संचालन गर्ने ।

५.६ कृषक पाठशाला सहजकर्तालाई कक्षा संचालन गरेवापत दैनिक भ्रमण भत्ता/ भत्ता प्रति दिन रु ८०० का दरले २ जनालाई र यातायात खर्च रु २०० का दरले २ जनालाई दिईने छ । २ वटा विशेष कक्षा संचालन गर्ने श्रोत व्यक्तिलाई भत्ता प्रति हप्ता प्रति दिन रु १६०० का दरले २ हप्ता सम्मका लागि विशेष कक्षा संचालन गर्ने श्रोत व्यक्तिलाई यातायात खर्च दिनको रु २०० का दरले १ जना लाई २ दिनको दिन मिल्ने छ ।

५.७ हरेक बालीमा नभित्र्याउदै अन्य कृषकहरुमा प्रबिधि बिस्तार गर्ने उदेश्य राखि आमन्त्रित पाहुना र अन्य कृषकहरु समेत राखि कृषक दिवश मनाई प्रमाणपत्र बितरण सहितको एक समापन समारोह कार्यक्रम संचालन गर्ने ।

५.८ कृषक पाठशालामा सहभागि कृषकलाई रु १५० का दरले खाजा उपलब्ध गरिनेछ ।

५.९ पाठशाला सकिय पछि उक्त पाठशालाको प्रतिवेदन तयार गरि कार्यालयमा वुझाउनका लागि कृषि बिकास शाखाले रु १००० पारिश्रमिक राख्न सक्ने छ।

**६) कृषक तालिमः**

**६.१) १ दिने तालिमको हकमा**

- रु ६५०/- सम्मको व्यानर
- रु २५०/- सम्म संचार खर्च
- सहभागी कृषकका लागि रु १००/- का दरले स्टेशनरीमा खर्च गर्न पाउने ।
- सहभागी कृषकका लागि आवश्यकता अनुसार रु २००/- का दरले चिया-खाजामा खर्च गर्न पाउने ।
- सहभागी कृषकाहरुका लागि भौगलिक दुरिलाई आधारमानि आवश्यकता अनुसारका दरले प्रशिक्षार्थी आतेजाते खर्च गर्न पाउने छन ।

- प्रशिक्षक लाई रु **१२००/-** का दरले प्रति कक्षाको लागि पारिश्रमिक लिन पाउने ।
- तालिम सम्पन्न भैसकेपछि वढिमा रु **१०००/-** का दरले प्रतिवेदन तयार खर्च गर्न पाउने ।

**६.२) २ दिने तालिमको हकमा**

- रु **६५०/-** सम्मको व्यानर
- रु **२५०/-** सम्म संचार खर्च
- सहभागी कृषकका लागि रु **१००/-** का दरले स्टेशनरीमा खर्च गर्न पाउने ।
- सहभागी कृषकका लागि आवश्यकता अनुसार रु **२००/-** का दरले चिया-खाजामा खर्च गर्न पाउने ।
- रु **१५००/-** का दरले प्रति कक्षाको लागि पारिश्रमिक लिन पाउने ।
- सहभागी कृषकाहरुका लागि भौगलिक दुरिलाई आधारमानि आवश्यकता अनुसारका दरले प्रशिक्षार्थी आतेजाते खर्च गर्न पाउने छन ।
- रु **१५००/-** का दरले प्रति कक्षाको लागि पारिश्रमिक लिन पाउने ।
- तालिम सम्पन्न भैसकेपछि वढिमा रु **१०००/-** का दरले प्रतिवेदन तयार खर्च गर्न पाउने ।

**७) आकस्मिक बाली संरक्षण कार्यक्रमः**

७.१) आकस्मिक बाली संरक्षण गर्नु पर्ने अवस्थामा यस शिर्षकमा बजेट नभएको / अपुग भएको खण्डमा कृषि शाखाको अन्य शिर्षकमा विनियोजित बजेटबाट रकमान्तर गर्न सकिने छ । रकमान्तरका लागि शाखाले गाउँ कार्यपालिकामा टिप्पणी पेश गर्न सक्ने छ।

**८) बाली उपचार शिबिर कार्याक्रमः**

८.१) बाली उपचार शिबिर कार्यक्रम सञ्चालन कार्यबिधि, **२०८१** बमोजिम यो कार्यक्रम संचालन गरिने छ।

**९) एक घर एक करेसाबारी नमुना टोल स्थापनाः**

९.१ प्रत्येक वडामा रहेका आर्थिक रुपमा बिपन्न, गरिब र दलित समुदायका **२५** जना सहभागी छनौट गरी कार्यक्रम संचालन गरिनेछ ।

९.२ हाल सम्म कृषि विकास शाखा र कृषि ज्ञान केन्द्र बाजुराबाट कुनै पनि कृषि कार्यक्रम नपाएका टोललाई प्राथमिकता दिइने छ ।

९.३ सहभागी छनौट गर्दा सुनौला **१०००** दिनका आमा ( बिशेष गरि गर्भवति आमा क्रमशः बच्चाको उमेरको मापदण्डको आधारमा सहभागि छनौट गरिने छ ।

९.४ आवश्यकता पहिचानका आधारमा करेसावारी निर्माणका लागि आवश्यक पर्ने कृषि सामग्री तथा बिउ बिजन कृषि विकास शाखाले उपलब्ध गरउने छ ।

९.४ **१** दिने स्थलगत तालिमको मापदण्ड अनुसार करेसावारी निर्माण सम्बन्धि **१** दिने तालिम संचान गारिने छ ।

**१०) बीउ विजन सम्बन्धमाः**

१०.१ बीउ बितरणको लागि कृषि विकास शाखाबाट **१५** दिने सुचना आव्हान गरी कृषि फर्म / समुह / सहकारी / कम्पनि कृषकहरुबाट आवेदन संकलन गरिने छ ।

१०.२ व्यवसायिक रुपमा खेति गर्ने कृषकहरुलाई विषेश प्राथमिकता दिई आवश्यकता हेरी **५० देखि ८० %**अनुदान बीउ बितरण  गरिने छ । साथै कृषकको अवस्था हेरी नयाँ व्यवसाय सुरु गर्न चाहनेको हकमा वडाको सिफारिस, कार्ययोजना लगाएतका कागजात हेरी मुल्यांकन गरिने छ ।

१०.३ फिल्ड अनुगमनको जिम्मा वडा कार्यालय र कृषि विकास शाखामा कार्यरत कृषि प्राविधिक को हुने छ ।

१०.४ पास निवेदनहरुलाई प्रस्ताव मुल्यांकन समितिले आवश्यक छलफल एवम मुल्यांकन गरिसकेपछि कृषि विकास शाखाले कार्यक्रम कार्यान्वयन गर्ने छ ।

१०.५ नेपाल सरकारले  सुचिकृत गरेका जातका वीउविजन मात्र वितरण गर्न पाइने छ ।

१०.६ कृषकहरुको आवश्यकता अनुसार कृषि शाखाका प्राविधिकहरुबाट तालिमको व्यावस्था गर्न सिकिने छ।

१०.७ शसर्त र स्थानिय तहको विनियोजित बजेट समेतको संलग्नतामा पनि कार्यक्रम संचालन गर्न सकिने छ।

**११ एक वडा एक उत्पादन कार्यक्रमः**

११.१ उत्पादन बालीको आधारमा मुल्याङ्कन समितिबाट वडा र बाली छनौट गरिनेछ ।

११.२ एक वडा एक उत्पादन कार्यक्रम वडा र बाली छनौट भई सके पश्चात वडा समितिबाट सम्भाब्यताको आधारमा कुनै एउटा टोलमा कर्यक्रम संचालन गरिनेछ ।

११.३ कार्यक्रम संचालन गर्दा तरकारी बालीको हकमा **२५** वटा प्लाष्टिक निर्माण गरी एउटै कलष्टरमा जग्गामा तरकारी खेती गर्नु पर्नेछ, फलफुल खेतीको हकमा **२५०-५००** सम्म बिरुवाको एउटै प्लटमा खेती गर्नु पर्नेछ र दलहन तथा अन्य बालिको हकमा कम्तिमा एउटै कलष्टरमा **५** रोपनिमा खेती गर्नु पर्नेछ साथै मिनिकिटको रुपमा बिउबिजन बितरण गर्न पाइनेछैन ।

११.४ यस कार्यक्रमा संचालन गरिने तालिम पनि स्थलगत तालिम स्टेमेटको आधारमा संचालन गरिनेछ ।

११.५ हाल सम्म कार्यक्रम संचालन नभएका टोललाई पहिलोको प्राथमिकता दिईनेछ ।

**१२ कीविको बगैंचामा टि-वार ब्यबस्थापन र सामाग्रि खरिदः**

१२.१ सुचाना प्रकाशित भए पश्चात आएका आबेदकहरुको मुल्याङ्कन गरी समितिबाट छनौट गरिनेछ ।

१२.२ प्राबिधिक दृष्टिकोणबाट उपयुक्त बगैंचालाई मात्र अनुदान प्रदान गरिनेछ ।

१२.३ कृषकहरुको आवश्यकता अनुसार कृषि विकास शाखाका प्राविधिकहरुबाट तालिमको व्यावस्था गर्न सिकिने छ।

**१३ प्राबिधिक लक्षित कार्यक्रमः**

१३.१ प्राबिधिक लक्षित कार्यक्रमको सुचाना प्रकाशित पश्चात यस खसड छेडेदह गाउँपालिका भित्रका कृषि बिषयमा अध्ययन गरेका प्राबिधिकहरुलाई समाबेश गरीनेछ ।

१३.२ छनौट भएका प्राबिधिक लाई यस कार्यालयले रु **५००००/-** सम्मको रकम अनुदाको रुपमा  मात्र उपलब्ध गर्ने छ ।

१३.३ यस प्राबिधिक लक्षित कार्यक्रमको हकमा **५०%** रकम कृषि विकासबाट अनुदान उपलब्ध गर्ने र बाँकि **५०%** स्वयम प्राविधिकले व्यहोर्नु पर्ने छ ।

| | **बाली बस्तु को नाम** | **आवश्यक मापदण्ड** | **कैफियत** |
|---|---|---|---|
| १. | तरकारी | **५** वटा बाँसको प्लाष्टिक घर सहित **२** रोपनि जग्गामा तरकारी खेति गर्नु पर्ने छ । | |
| २. | फलफुल (सबै) | एउटै पकेटमा २००-४०० बिरुवा रोप्नु पर्ने छ । | |
| ३ | च्याउ | प्राविधिक मापडण्ड अनुसारको घर बनाई १०० बल्ब (डल्ला) राख्नुपर्ने छ । | |

**१४ नमुना तरकारी फर्म स्थापना**

१४.१ नमुना तरकारी फार्म स्थापना कार्यक्रमको यस खसड छेडेदह गाउँपालिकाले सुचना प्रकाशित गरे पश्चात यस खसड छेडेदह गाउँपालिका भित्रका अगुवा कृषक, कृषक समुह, सहकारी र ब्यक्तिगत कृषि फार्महरुले आवेदन पेश गर्न पाउनेछन् ।

१४.२ तरकारी खेती ब्यबसाय गर्दै आएका अगुवा कृषक, कृषक समुह, सहकारी र ब्यक्तिगत कृषि फार्महरुलाई पहिलो प्राथमिकता दिइनेछ ।

१४.३ कृषि प्राबिधिकको  फिल्ड अनुगमनको आधारमा मूल्याङ्कन समितिले आवेदकको छनौट गरिनेछ ।

१४.४ नमुना तरकारी फर्म स्थापना कार्यक्रमको ५०% को रकम कार्यालय र ५०% ले हुन आउने रकम स्वयम आवेदकले ब्यहोर्नु पर्नेछ ।

**१५आकस्मिक कृषि विकास तथा विविध कार्यक्रमः**

१५.१ पालिकाको वार्षिक योजनामा समावेस नगरिएका कार्यक्रमको तर कार्यक्रम संचालन गर्न आवश्यक रहेका सन्दर्भमा आकस्मिक कृषि विकास तथा विविध कार्यक्रम संचाल गरिनेछ ।

१५.२ कार्यक्रम संचालनको आवश्यकता सहितको स्वीकृत टिप्पणी आदेश अनुसार कार्यक्र संचालन गरिने छ।

**परिच्छेद ४**

यो कार्यविधिको कार्यन्वयनलाई थप व्यवस्थित र प्रभाबकारी बनाउन यस खसड छेडेदह गाउँपालिकाले आवश्यकता अनुसार कार्यविधिमा थपघट हेरफेर तथा खारेज गर्न सक्नेछ ।

**कुनै संघ संस्थाले यस खसड छेडेदह गाउँपालिका भित्र कार्यक्रम गर्न चाहेमा पालिकाले संघ संस्थाको उदेश्य र प्रकृती हेरि सहकार्य गरि कार्यक्रम बनाउन सक्ने छ । साथै पालिका भित्र संचालनमा रहेका कृषि क्षेत्र हेर्ने संघ/संस्थाले शाखालाई त्रैमासिक रुपमा कार्यक्रमको प्रगति प्रतिवेदन बुझाउनु पर्ने छ ।**